# कानेपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बयरवन, मोरङ
## १ नं. प्रदेश, नेपाल

ठेक्का नं. २, २०७५/०७६

**(प्रथम पटक प्रकाशित:- २०७६ श्रावण २ गते)**

यस कानेपोखरी गाउँपालिकाको कार्यालयको आ.व.२०७६/०७७ को आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्न निम्न ठेक्काहरु निम्न वमोजिमको दररेट बाट बढावढ गरी गोप्य सिलबन्दि ठेक्का लगाउनु पर्ने भएकोले निम्न सर्त तथा वन्देजमा रहि इच्छुक नेपाली नागरिकहरुले सिलवन्दि फाराम पेश गर्नु हुन यो ठेक्का आव्हान गरिएको छ।

| क्र.सं. | निम्न ठेक्काहरु | वढावढ गर्नु पर्ने न्यूनतम अङ्क | ठेक्का अवधि |
|---|---|---|---|
| १ | कानेपोखरी-१ किरण पोखरी | वार्षिक रु.१,३५,०००।- | तीन वर्षको लागि |

१. कवोल अङ्कको ५% रकम एन.आई.सि.एसिया वैंक लि. रमाइलो शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. D3CA000455752407 मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाई सोको सक्कलै रसिद सिलवन्दि खाम भित्र राखी पेश गर्नु पर्ने छ।
२. ठेक्का फाराम कानेपोखरी गाउँपालिकाको कार्यालयबाट रु.३००।– (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ। साथै कार्यालयले प्रमाणीत गरेको फारामलाई मात्र मान्यता दिइने छ।
३. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्ने छ। टिपेक्स प्रयोग तथा केरमेट भएको ठेक्का फाराम मान्य हुने छैन।
४. ठेक्का फाराम सूचना प्रकाशित भएको मिति देखि ७ दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ।
५. सिलवन्दि ठेक्का फाराम सूचना प्रकाशित भएको मिति देखि ८ औं दिनको मध्यान्ह १२ बजे सम्म गाउँपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।
६. दर्ता भएको ठेक्का फाराम ठेकेदारको उपस्थिति वा निजको प्रतिनिधिको उपस्थितिमा सूचना प्रकाशित भएको मितिले ८ औं दिनको अपरान्ह २.०० बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ। ठेकेदारको प्रतिनिधि उपस्थित नभए पनि सिलवन्दि पत्र खोल्न बाधा पर्ने छैन।
७. ८ औं दिन विदा परे सोको भोलिपल्ट हुने छ।
८. सबै भन्दा बढी रकम कबोल भएको रित पुगेको सिलवन्दि पत्रलाई ठेक्का परेको स्वीकार गरीने छ।
९. ठेक्का पार्नेले ठेक्का परेको ३ दिन भित्रमा आफूले कबोल गरेको ठेक्का रकमको ६०% ले हुने रकम कार्यालयको खातामा जम्मा गरी सम्झौता गर्नु पर्ने छ।
१०. सिलवन्दि ठेक्का पार्ने पहिलो ३ दिन भित्रमा ठेक्का नसकारेमा धरौटी वापतको ५% रकम जफत गरी दोश्रोलाई २ दिनको म्याद दिइने छ र दोश्रोले पनि नसकारेमा धरौटी रकमको ५% रकम जफत गरी तेश्रो लाई पुन: २ दिनको म्याद दिइने छ। यदि तेश्रोले पनि नसकारे धरौटी वापतको ५% रकम जफत गरी अर्को सिलबन्दि ठेक्का आव्हान गरिने छ ।
११. सुरुमै एकमुष्ट रकम बुझाउँदा कबोल रकमको १०% रकम छुट दिइने छ।
१२. ठेकेदारले कर सङ्कलन गर्दा गाउँपालिकाले दिएको दर रेट वमोजिम गर्नु पर्ने छ।
१३. रित नपुगेका वा उपरोक्त सर्त बन्देज विपरित ठहरिने सिलवन्दि पत्र प्रतिस्पर्धाबाट हटाइने छ।
१४. सिलवन्दि पत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कानेपोखरी गाउँपालिकाको कार्यालयलाई हुने छ।
१५. अन्य थप जानकारीको लागि कानेपोखरी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।
१६. एउटा सिलवन्दि पत्र एउटा ठेक्काको लागि मात्र हुने भएकोले सिलवन्दि ठेक्का फाराम खरिद गर्दा र पेश गर्दा हरेक ठेक्काको छुट्टाछुट्टै खरिद र पेश गर्नु पर्ने छ।
१७. यो सूचना यस कार्यालयको वेभसाईट www.kanepokharimun.gov.np मा समेत हेर्न सकिने छ।